# छत्रकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः२ मितिः २०७९/०७/१७

भाग - २

छत्रकोट गाउँपालिका

## गर्भवती तथा सुत्केरी भेटघाट कार्यक्रम सम्बन्धी कार्यबिधि, २०७९

आज्ञाले,

विर वहादुर पुन

प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावना : गर्भास्था शुरु भए देखि सुत्केरी अवस्था र दुध चुसाउदै गरिरहेको महिलाहरुलाई साविकको अवस्था भन्दा धेरै पौष्टिक आहारको जरुरी हुन्छ, यो अवस्थामा पोषण सचेतना र परामर्शको विशेष महत्व रहन्छ । गर्भवस्थामा भएको कुपोषणले आमालाई मात्र नभई जन्मने बच्चालाई समेत प्रभाव पार्दछ  न्यून पोषणका कारण गर्भवस्था र सुत्केरी अवस्थामा हुन सक्ने जोखिमलाई मध्यनजर गर्दै सुनौला हजार दिनका आमाहरुलाई लक्षित गरी सचेतनाका लागि गर्भवती महिलालाई अण्डा र सुत्केरी महिलालाई भाले वितरण कार्यक्रम संचालन गर्न बान्छनिय भएकोले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ र छत्रकोट गाउँपालिकाको प्रशासकिय कार्यबिधि (नियमित गर्ने) ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी छत्रकोट गाँउपालिका गाउँकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

परिच्छेद १

प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भ : (क)यस कार्यबिधिको नाम **गर्भवती तथा सुत्केरी भेटघाट कार्यक्रम सम्बन्धी कार्यबिधि, २०७९रहेको छ ।**

**(ख)यो कार्यबिधि छत्रकोट गाउँकार्यपालिकाले पारित गरेपछि लागु हुनेछ ।**

**२.परिभाषा : बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा**

**(क)"ऐन" भन्नाले स्थानिय सरकार सञ्चालन ऐन २०७४ संझनु पर्दछ ।**

**(ख)"स्थानीय तह" भन्नाले गाउँपालिका संझनु पर्दछ ।**

**(ग)"गाउँपालिका" भन्नाले** छत्रकोट गाँउपालिका **संझनु पर्दछ ।**

**(घ)"स्वास्थ्य संस्था "भन्नाले** छत्रकोट गाँउपालिका भित्र रहेको प्राथमिक स्वास्थ्य केन्द्र,स्वास्थ्य चौकी , सामुदायिक स्वास्थ्य इकाई र गाउँपालिकाबाट भविष्यमा संचालन हुने आधारभुत अस्पताल वा अन्य आधारभुत स्वास्थ्य संस्था **संझनु पर्दछ ।**

परिच्छेद २

**३.उद्देश्य** : यस कार्यबिधिको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

क) गर्भवस्था र सुत्केरी अवस्थामा पोषणको महत्व बारे जानकारी गराउने ।

ख) गर्भवती भए देखि प्रसुति अवस्था र बच्चा दुई बर्षको उमेर हुदा सम्म गर्नुपर्ने स्वास्थ्य परिक्षण, संस्थागत सुत्केरी,खोप,पोषण, तौल अनुगमन र आवश्यक्ता अनुसार उपचारात्मक सेवा लिन प्रेरित गर्ने ।

ग)पोषण प्रवर्द्धनका लागि गर्भवति अवधिमा अण्डा वितरण गर्ने र सुत्केरी भए पश्चात भाले वितरण गर्ने ।

परिच्छेद ३

**४.जिम्मेवारी**

क)यस कार्यक्रमको जिम्मेवारी छत्रकोट गाउँपालिका गाउँ कार्यपालिकाका स्वास्थ्य संयोजकलाई तोकिएको छ ।

**५. कार्यक्रम संचालन प्रकृया :**

**क.**गर्भवति भएको ३ महिना पछि गर्भवतीलाई मातृ तथा नव शिशु रजिष्टरमा दर्ता भए पछि स्वास्थ्य संस्थाले  नियमित रुपमा चेकजाँच र १ क्यारेट अण्डा उपलब्ध गराउने र सुत्केरी हुन साथ छत्रकोट गाउँपालिका उपाध्यक्ष संग समन्वय गरी भाले उपलब्ध गराउने ।

**ख.**यो सुबिधा छत्रकोट गाउँपालिकामा स्थायी ठेगाना गर्ने, लामो समय दे**खि** गाउँपालिका भित्र पेशा व्यवसाय गरी बस्ने पालिका भित्रका शिक्षक र कर्मचारी स्वास्थ्य संस्थाको मातृतथा नवशिशु रजिस्टरमा दर्ता भई नियमित रुपमा चेकजाँच गर्ने गर्भवति आमा,सस्थागत सुत्केरी भएका वा सुत्केरी गराउन लैजादै गर्दा बाटोमा भएका सुत्केरी र प्रसव व्यथा लागेपछि स्वास्थ्य संस्था सम्म लैजान यातायात साधन घरमा पुग्न नपाउदै घरमै सुत्केरी भएपनि यो सेवा प्राप्त गर्नेछन ।

**ग.**१२ हप्ता भन्दा धेरैको गर्भ कुनै स्वास्थ्य समस्या वा चोटपटक का कारण गर्भपतन भएको प्रमाणीत भएमा यो सुविधा उपलब्ध गराउन सकिनेछ ।

**घ.**यो कार्यक्रम संचालनका लागि स्वास्थ्य संस्थाले पेश्की रकम लैजान सक्नेछ ।

**ङ** .भाले /अण्डा उपलब्ध गराउदा अनुसुचि बमोजिमको भरपाई गराई उपलब्ध गराउनु पर्नेछ ।

**च.**कार्यक्रमको रिर्पोटिङ्ग मासिक रुपमा गाउँकार्यपालिकाको स्वास्थ्य शाखामा गर्नु पर्नेछ ।

## परिच्छेद- ४

### विविध

६.यस कार्यक्रमका लागि बिनियोजित रकम गाउँकार्यपालिका कार्यालयमै रहनेछ ।

७.अनुगमन : यस कार्यबिधि बमोजिम भएका सम्पूर्ण क्रियाकलापको अनुगमन गाउँपालिका बाटै हुनेछ

८.संशोधन र बचाउ : यस कार्यबिधिको कुनै व्यवस्थामा सशोधन गर्नु परेमा गाउँकार्यपालिकाले संशोधन गर्न सक्नेछ । नेपालको अन्य कुनै प्रचलित कानुनसंग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।